D.P.U. 26-50 – Boston Gas कम्पनी d/b/a National Grid
सरल भाषामा सारांश

जनवरी 15, 2026 को मिति वा सोपछि, Boston Gas Company, d/b/a National Grid (“National Grid” वा “कम्पनी”) ले आफ्नो आधारभूत वितरण दर योजनालाई अद्यावधिक गर्न Department of Public Utilities (“विभाग”) मा निवेदन दर्ता गर्ने छ। यस निवेदनको उद्देश्य विभागले कम्पनीका ग्यास वितरण दरसम्बन्धी अद्यावधिक प्रस्तावको समीक्षा गरी स्वीकृति प्रदान गरिदिओस् भनी अनुरोध गर्नु हो। कम्पनीले यो फाइलिङ जनवरी 1, 2027 मा दर परिवर्तन लागू गर्ने उद्देश्यले तयार गरेको हो, जुन डिसेम्बर 1, 2026 देखि प्रभावकारी दरहरूमा आधारित हुने छ।

यो फाइलिङ जसलाई “रेट केस” पनि भनिन्छ, एउटा औपचारिक प्रक्रिया हो, जसअन्तर्गत National Grid जस्ता युटिलिटी कम्पनीहरूले आफ्ना ग्राहकहरूलाई लिने शुल्क दरहरू समायोजन गर्न विभागबाट स्वीकृति माग्छन्। यस प्रक्रियाले कम्पनीलाई प्राकृतिक ग्यास वितरण सेवा प्रदान गर्दा लाग्ने वास्तविक लागतलाई प्रतिबिम्बित गर्ने नयाँ दरहरू प्रस्ताव गर्न अनुमति दिन्छ।

निवेदन बमोजिम स्वीकृत भएमा, माग गरिएको वृद्धि legacy Boston Gas सेवाक्षेत्रभित्र रहेका कम्पनीका आवासीय हीटिङ ग्राहकहरूका लागि जाडो महिनाको बिल अवधिमा औसत रूपमा 8.4 प्रतिशत, वा मासिक $24 को प्रभाव पार्नेछ। पूर्व Colonial Gas सेवा क्षेत्रमा रहेका कम्पनीका आवासीय हीटिङ ग्राहकहरूको लागि, माग गरिएको वृद्धि जाडो महिनाको बिल अवधिमा औसत रूपमा 9.4 प्रतिशत, वा मासिक $25 को प्रभाव पार्ने छ।

यदि तपाईंलाई सार्वजनिक सुनुवाइहरूका लागि थप अनुवाद वा व्याख्या सेवाहरू आवश्यक परेमा, कृपया christine.milligan@nationalgrid.com मा सम्पर्क गर्नुहोस्।

कृपया ध्यान दिनुहोस्, माथि दिइएको साधारण भाषाको यो सारांश केवल जानकारीका लागि मात्र उपलब्ध गराइएको हो र यस विषयमा Department ले जारी गर्ने कुनै आधिकारिक नोटिसको विकल्पका रूपमा प्रयोग गर्न अभिप्रेत होइन।